परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक


समाचार पृष्ठ २ मा ...

**जसपा, लोसपा इतिहास बन्दै छ : योगेश भट्टराई**

● वर्ष २ ● अंक १३१ ● २०८० असोज २५ गते बिहिबार ● (12-October-2023) ● पृष्ठ ४ ● मुल्य रु ५।- www.talknepaltv.com

## हुलाकी सडक एमालेको सरकारले मात्र बनाउन सक्यो : ओली



■ टक नेपाल

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले काँग्रेस र माओवादी विकास गर्न नसकेर आत्तिएको बताएका छन् । बुधबार जनकपुरमा एमालेको प्रथम मधेश प्रदेश उद्धाटनलाई जनकपुरधाममा सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका ओलीले अब एमालेलाई मात्र गरेर काँग्रेस र माओवादीको भविष्य अन्धकारमा जाने बताए । 'काँग्रेस माओवादी हामी संग किन आत्तियो, एमालेले काम गर्न नसकेर हो र ? आफ्नो भविष्य अन्धकार देख्न थालेर । तपाईहरु सुध्रिनु हुन्न भने एमालेका मात्रै विरोध गरेर भविष्य सुरक्षित हुने छैन । अन्धकारि तिर जाने नै हो' उनले भने । उनले २०७४ को चुनावमा मधेशमा एमालेलाई प्रवेश निषेध गर्ने अवस्था बनाएपनि २०७९ मा प्रदेश र प्रतिनिधिसभा सदस्यमा ठूलो दल बनेको तर्क गरे । '२०७४ को निर्वाचनमा हामीलाई प्रवेश गर्न दिने अवस्था थिएन । २०७९ को निर्वाचनमा परिणाम बेग्लै आयो ।' उनले भने । उनले एमालेको बहुमत नआएसम्म मधेशको भविष्य नबन्ने तर्क गरे । एमालेको सरकारको पालामा नै हुलाकी सडक बनेको उनले दावी गरे । सुनकोसी मरिण डाइभर्सनको काम सुरु भएको, रेल चलाउने लगायत ठूलो कामहरु भएको बताउँदै काँग्रेस माओवादी विकासको चर्चा समेत नर्ग नचाहेको टिप्पणी गरे । राजतन्त्रको बेला आफूलाई धर्मप्रसाद ढकाल मारेको आरोप लगाएर ज्यान मुद्दामा फँसाएको घटना स्मरण गर्दै उनले अहिले काँग्रेसले अझै पनि एमाले नेताकार्यकर्तालाई फसाउने गरेको आरोप लगाए ।

## गौरीडाँडामा फुटबल प्रतियोगिताको तयारी




■ टक नेपाल

बर्दिबास । बर्दिबासको वडा ३ गौरीडाँडामा दोस्रो वडा कप फुटबल प्रतियोगिता हुनेभएको छ । प्रतियोगितामा नगर क्षेत्रका १४ वडामध्ये १३ वडाबाट १४ टिमले भाग लिनेछन् । आयोजक बर्दिबास वडा ३ तथा बर्दिबास युनाइटेड फुटवल क्लवले आज (बुधवार) पत्रकार सम्मेलन गरी भोलि अपरान्हदेखि सुरु हुने प्रतियोगिताको भौतिक र प्राविधिक तयारी पूरा भएको जनाएको छ । प्रतियोगिता सञ्चालन, उद्घाटन समारोह र व्यवस्थापकीय पक्ष लगायतको तयारीमा दुवै आयोजक जुटेका छन् । नकआउट आधारमा खेलाइने प्रतियोगितामा सेमिफाइनल अघिसम्म दैनिक २ ओटा प्रतियोगिता गराइने तालिका छ । फाइनल गेम अजोस ३ का लागि निर्धारण गरिएको छ । प्रतियोगिताका विजयी टिमलाई उपाधिका साथै नगद ४१ हजार र उपविजेतालाई दोस्रो उपाधिसहित नगद २१ हजार रुपियाँ पुरस्कार प्रदान गरिनेछ । त्यस्तै, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकर्ता र उत्कृष्ट गोलकिपरको सम्मान र हौसला प्रदान गर्न छुट्टाछुट्टै उपाधिको व्यवस्था मिलाइएको बर्दिबास युनाइटेड फुटबल क्लबका अध्यक्ष विनोद खड्काले बताउनुभयो । फुटबल प्रतियोगिताबारे आयोजक बर्दिबास वडा ३ का वडाध्यक्ष विराट विस्टले दक्ष खेलाडी उत्पादन गर्दै बर्दिबासलाई खेलकुदको हब बनाउने उद्देश्यले गत वर्षदेखि सुरु गरिएको फुटबल प्रतियोगितालाई यो वर्ष पनि निरन्तरता दिइएको बताउनुभयो । उहाँले वडा कपलाई दशैको औपचारिकतामा मात्र सीमित नराखी खेलाडीको दक्षता अभिवृद्धि र उत्कृष्ट खेलाडी छनोटका लागि प्रतियोगिता गराइएको बताउनुभयो । प्रतियोगितालाई उदाहरणीय, अनुकरणीय र उपलब्धिमूलक बनाउन दुवै आयोजकले समाजका सबै पक्षसँग अनुरोध गरेका छन् ।









## ....सम्पादकीय

# इजरायल-प्यालेस्टाइन युद्ध रोक

जन्मजात दुश्मनका रुपमा रहेका इजरायल र प्यालेस्टाइनबीचको युद्ध दशकौं वर्षदेखि जारी छ। यहुदीहरुले प्यलेस्टाइनको जमिन खोसेर आफ्नो राज्य बनाएपछि उनीहरुविरुद्ध जेहाद छेडिरहेका कारण अहिलेसम्म हजारौं नागरिकले ज्यान गुमाएका छन्। इजरायल र प्यालेस्टाइनबीचको विवाद झन्डै एक सय वर्षअघिदेखि भएको देखिन्छ । अहिलेको इजरायल र प्यालेस्टाइन भएको क्षेत्र प्रथम विश्वयुद्धअघि ओटोमन साम्राज्यले आफ्नो नियन्त्रणमा लिएर शासन गरेको थियो। भूमध्यसागर र जोर्डन नदीबीचमा रहेको प्यालेस्टाइन भूमि मुस्लिम, यहुदी र इसाई धर्मावलम्बीको पवित्र भूमिको रुपमा रहेको मान्दै आए पनि ओटोमन साम्राज्यले नियन्त्रणमा लिएपछि यो भूमि विभिन्न धर्म र सम्प्रदायका व्यक्ति तथा समूहले कब्जा गरेपछि विवादास्पद बन्दै आएको छ । प्रथम विश्वयुद्धको समाप्तिपछि मध्यपूर्वमा ओटोमन साम्राज्य पतन भएपश्चात् सो भूमिलाई बेलायतले आफ्नो नियन्त्रणमा राखेको थियो। यो क्षेत्रलाई बेलायतले सन् १९१८ देखि १९४८ सम्म आफ्नो नियन्त्रणमा राख्न सफल भएको थियो । दोस्रो विश्वयुद्धका बेला हिटलरले युरोपभरका झन्डै ६० लाख यहुदीलाई मारेपछि बाँकी रहेका यहुदीले आफ्नो छुट्टै राज्यको माग गरे । त्यसैले विश्वभर आफ्नो साम्राज्य फैलाउँदै आएको बेलायतले प्यालेस्टाइनमा यहुदीहरुको राज्य खडा गरिदिएपछि यो भूमि विवादास्पद बन्दै आएको थियो । इजरायल र प्यालेस्टाइनबीचको द्वन्द्व नयाँ होइन। २० औं शताब्दीको प्रारम्भदेखि नै शुरु भएको युद्धले लाखौं मानिसको ज्यान गइसक्दा पनि यो समस्याको समाधान हुन सकेको देखिँदैन । बेलायती साम्राज्यले आफ्नो भूमिमा यहुदीहरुको राज्य स्थापना गरिदिएको भन्दै प्यालेस्टाइनहरुले उनीहरुविरुद्ध दशकौंदेखि युद्ध गर्दै आएका छन् । सन् १९४८ जुन १४ मा यहुदीहरुले इजरायल देश भनेर छुट्टै राज्य घोषणा गरेपछि अहिलेसम्म पनि दुई मुलुकबीच युद्ध हुँदै आएको छ । आफ्नो भूमिका लागि भन्दै प्यालेस्टाइनहरुले सन् १९८७ मा हमास नामको संगठन खोलेर इजरायलविरुद्ध युद्ध गर्दै आएका छन् । प्यालेस्टाइन क्षेत्रबाट इजरायललाई हटाउनुपर्दछ भनेर आन्दोलन छेडेपछि यो मध्यपूर्वको एउटा समस्याको रुपमा खडा भएको थियो । हिटलरले आफ्ना ६० लाखभन्दा बढी यहुदीको हत्या गरेपछि क्रुद्ध बनेका यहुदीहरुले इजरायल कब्जा गरेपछि उनीहरुले आफूहरुलाई क्रुर शासकको परिचय दिई राज्यलाई बलियो बनाउँदै लगेका थिए । इजरायल र प्यालेस्टाइनबीच भएको युद्ध रोक्न संयुक्त राष्ट्रसंघले सन् १९५० देखि नै सो इलाकामा शान्ति सैनिक खटाउँदै आएको छ । त्यसका बाबजुद पनि दुई मुलुकबीच पटक-पटक युद्ध हुँदै आएको छ । युद्धले प्यालेस्टाइन जर्जर बन्दै गएको छ भने इजरायल शक्तिशाली बन्दै गएको छ । उसले विश्वमा नै कृषि र हतियारको क्षेत्रमा आफूलाई अब्बल बनाउँदै लगेको छ । अहिले विश्वभरबाट इजरायलमा कामको खोजीमा पुग्ने गरेका छन् । आफ्नो गुमेको भूमि फिर्ता गर्ने उद्देश्यले गठन भएको हमासलाई विश्वका शक्तिशाली देशले आतंकारी संगठन भनी उनीहरुको गतिविधिमा रोक लगाउनुपर्ने बताउँदै आए पनि अहिलेसम्म यो संगठनलाई कसैले केही गर्न सकेको देखिँदैन । सन् १९८८ मा हमासले इजरायल र यहुदीका सम्बन्धमा जारी गरेको बडापत्रमा यहुदी समुदाय र इजरायललाई पूर्णरुपमा नष्ट गरेर मात्रै हमासको मृत्यु हुने बताएपछि त्यस क्षेत्रमा थप जटिलता उत्पन्न भएको थियो । सोही संगठनले इजरायलमा गरेको आक्रमणमा परी १० नेपाली विद्यार्थीले ज्यान गुमाएका छन् । उनीहरुको उक्त कार्यलाई आततायी मानिन्छ । जुनसुकै समस्याको समाधान पनि वार्तामार्फत सहज हुने भएकाले यथाशीघ्र वार्ता गरी युद्ध रोकियोस् ।

# वर्षाले बाटो बिगारेपछि कष्टले बाँच्दै सर्लाहीको चुरे क्षेत्रका नागरिक

**टक नेपाल**

सर्लाही । केही दिनको अविरल वर्षाका कारण बाटाहरु क्षतविक्षत भएपछि सर्लाहीको उत्तरी चुरे भेगका दर्जनौं गाउँका नागरिक कष्टकर जीवन जिउन बाध्य छन् । वर्षाले लालबन्दी, ईश्वरपुर, हरिवन र बागमतीनगर पालिकाको चुरे क्षेत्रका बस्तीमा पर्ने बाटो क्षतविक्षत भएकाले एक बस्तीबाट अर्को बस्तीसम्म आवतजावत गर्न मुस्किल परिरहेको स्थानीयवासीले गुनासो गरेका छन् । जिल्लाको उतरी चुरे क्षेत्रका दर्जनौं गाउँका स्थानीय पैदल हिँड्न सकिने अवस्था भए पनि मोटरसाइ???ल, जीप, बस लगायतका सवारीसाधन भने चल्ने अवस्था नरहेको त्यस क्षेत्रका स्थानीय चिन्ता व्यक्त गरेका छन् । दैनिक उपभोग्य सामग्री चामल, दाल, नुन, तेल लगायतका खाद्यान्न भने ट्याक्टरबाट मुस्किलले ढुवानी भइरहेको लालबन्दी- १३ नारायण खोलाका वडाध्यक्ष शिवकृष्ण बैद्यले जानकारी दिए। अब पानी पर्न रोकिए बाटोमर्मत सम्भार गरी जसोतसो दशैंसम्ममा यातायतका साधन चल्नसक्ने बताए । सडक सञ्जालनै नजोडिएको सर्लाहीको लालबन्दी नगरपालिका १२-१३-१४ नम्बर बडामा पाँच महिनादेखि यातायातका साधन नचल्दा त्यस क्षेत्रका बासिन्दा कष्टकर जीवन जिउन बाध्य भएका छन्। लखन्देही र बाहुनी खोलामा बाढी आएर खोलाको बाटो बिगारेपछि गएको जेठ महिनादेखि यातायातका साधन सञ्चालन हुन सकेका छैनन्। खोलामा पानी कम भएको बेला व्यवसायीहरुले निकै मुस्किलले ट्याक्टरमार्फत खाद्यान्न सामग्री ढुवानी गर्दै आइरहेका छन् । यात्रुबाहक बस भने जेठ देखि नै पूर्णरुपमा ठप्प भएको हो । दशैं नजिकिरहेका बेला वर्षाले बाटो बिगारेपछि चुरेवासीको यस बर्षको दशै खल्लो हुने हो कि भन्ने चिन्ता भइरहेका लालबन्दी १४ नारायण खोलाका स्थानीय पूर्ण लुंगेली बताउँछन् । नारायण खोलाबाट पत्थरकोटसम्म आउँदा खोलाको बगर प्रयोग गर्नुपर्ने बाध्यता छ। गाडी नचल्दा नारायण खोलाको माथिल्लो भेगका बासिन्दा लालबन्दी बजारसम्म आउन ६-७ घण्टासम्म पैदल हिँड्नुपर्ने बाध्यता छ । पत्थरकोटदेखि लालबन्दीसम्म टेम्पु, अटो लगायतका अन्य सवारी चले पनि गाउँबाट पत्थरकोटसम्म आइपुग्न चार घन्टा पैदल हिँड्नुपर्ने बाध्यता रहेको लुंगेलीले बताए। चुरे भेगमा दिनहुँजसो वर्षा भइरहेकाले खोलामा बाढी आउँदा बजारसम्म किनमेल गर्नका लागि पत्थरकोटसम्म पैदल हिँडेर आउनसमेत समस्या भइरहेको उनले गुनासो गरे। निरन्तर झरी परिरहेकोले बिधार्थीलाइ स्कुल आउजाउ गर्न समेत समस्या भइरहेको लालबन्दी १२ भालुखोप प्राथमिक विद्यालयका प्रधानाध्यापक हरि गुर्मछान मगरले बताए । उनका अनुसार बिरामी पर्दा लालबन्दीसम्म औषधि उपचारका लागि आउनसमेत गाह्रो परिरहेको उनी बताउँछन् ।

टक नेपाल राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।






# जसपा, लोसपा इतिहास बन्दै छ : योगेश भट्टराई



**टक नेपाल**

जनकपुरधाम । नेकपा एमालेका मधेस प्रदेश इन्चार्ज योगेश भट्टराईले जसपा, लोसपा अब इतिहास बन्न लागेको बताएका छन् । कुनै समय एमालेलाई मधेसमा किनारा लगाउन अनेक किसिमको षड्यन्त्र भएको बताए। बुधबार जनकपुरधाममा एमालेको मधेस प्रदेश अधिवेशनको उद्धाटन शत्रमा बोल्दै उनले अहिले मधेसमा एमाले नलखेटिएको बरु नम्बर एक पार्टी बनेको बतए । एमाले सचीव समेत रहेका भट्टर ईले अब यो सत्ता शक्तिको संघर्षमा यो पाशा कांग्रेसले फेर्न नस्क्ने र जसपा तथा लोसपा ईतिहास बन्न लागेको बताए। उनले भने, 'अब वर्तमान र भविष्य एमालेको हातमा छ । हिजो मधेसलाई बेचियो । मन्त्री बन्न यहाँको गरिबी बेचियो, यहाँको सामाजिक विभेदलाई बेचियो। महिलाहरु माथिको ज्यादतीहरु राजनीतिक शत्ताको आडमा दवाइयो।' उनले अब दलित तमाम पीडितको पार्टी एमाले रहेको बताए। इन्चार्ज भट्टराईले मधेसमा जातिय सद्भाव, धार्मिक सद्भाव कायम राख्ने जिम्मा एमालेको रहेको भन्दै कुनै अतिवाद स्वीकार न्हुने उनले बताए। यो गौतम बुद्धको भुमी रहेको भन्दै यहाँ अतिवाद नसिखाइएको बताए । भट्टराईले अहिले दुनियाँ सँग जित्नु रहेको भन्दै उत्तरको छिमेकी चीन, दक्षिणको छिमेकी भारत कहाँ पुगिसके को भन्दै अहिले शमृद्धिसँग प्रतिस्पर्धा गर्नुपर्ने रहेको बताए ।

## महेन्द्र राजमार्ग रहेको जग्गा...................

बासडक डिभिजनले पूर्वपश्चिम राजमार्गको दायाँबायाँ २५ र चन्द्रनिगाहपुर गौर खण्ड दायाँबायाँ १५ मिटर मापदण्ड राखेको छ। हाल राजमार्गमा जग्गा परेका जग्गाधनीले डिभिजन सडक कार्यालयमा जग्गाको लगत कट्टा गर्न निवेदन दिएपछि मात्र मालपोत तथा नापी कार्यालयलाई लगत कट्टा गर्न सिफारिस गर्ने गरेको छ । महेन्द्र राजमार्ग अझै पनि राज्यको मातहतमा ल्याउन नसक्नु लाजमर्दो कुरा भएको स्थानीय बताउँछन्। नक्सामा राजमार्ग नदेखिदा किनबेच हुने वेला ठूलो रकम राज्यले गुमाउनु परेको छ । सडक डिभिजनले राजमार्गमा परेका जग्गाका कित्ता यकिन गरेर मालपोतमा रोक्का गरिराख्नुपर्ने जानकारहरू बताउँछन् । यसतर्फ सरकारको ध्यान जानु अत्यावश्यक रहेको चन्द्रनिगाहपुरका स्थानीय बासिन्दा राजु तिवारीको भनाइ छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | | |
|---|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। | तुला | पहिलेको कर्मफल तथा उठ्नुपर्ने रकम हातलागी हुनेछ। |
| बृष | परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। | वृश्चिक | राम्रो कर्मफल प्राप्त हुनाले उत्साह जाग्नेछ। |
| मिथुन | प्रयत्न गर्दा अवसर जुट्नेछ र मिहिनेतको फल प्राप्त हुनेछ। | धनु | परिस्थितिवश चिताएको काम पूरा नहुन सक्छ। |
| कर्कट | अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ। | मकर | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काममा समय लाग्नेछ। |
| सिंह | आत्मविश्वासको कमीले पछि परिनेछ। | कुम्भ | काममा साथीभाइको सहयोग जुट्नेछ। |
| कन्या | छिमेकमा असमझदारी बढ्ने हुँदा होसियारीसाथ काम लिनुहोला। | मीन | अधिक परिश्रमले थकान र कमजोरी निम्त्याउन सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# मन्त्रालय फुटाएपछि मधेश प्रदेश गठबन्धनमा असन्तुष्टि, मुख्यमन्त्रीसँग जवाफ माग्ने निर्णय

■ टक नेपाल




जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले चोर बाटोबाट मन्त्रालय फुटाएको भन्दै गठबन्धन भित्र असन्तुष्टि चुलिएको छ । मन्त्रालय फुटाएको विषयमा जसपाबाहेक गठबन्धनका पाँच दलका नेताहरु छुट्टै निरन्तर छलफलमा छन् । सोमबार र मंगलबार बिहान मधेश भवनमा गठबन्धनका पाँच दलका नेताहरुको बैठकले मुख्यमन्त्री यादवले सल्लाह नै नगरी मन्त्रालय फुटाएको विषयमा जवाफ माग्ने निर्णय गरेको छ । नेपाली कांग्रेस संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण यादवले गठबन्धन र क्याबिनेटमा विना छलफल समन्वय नगरी मन्त्रालय फोड्ने विषयमा मुख्यमन्त्रीसंग जवाफ माग्ने निर्णय भएको बताए । 'गठबन्धनको बैठकमा मन्त्रालय कसरी फुट्यो भन्ने विषयमा मुख्यमन्त्रीजीसँग जवाफ माग गर्ने निर्णय भएको छ,' कार्यवाहक मुख्यमन्त्री समेत रहेका यादवले भने । लोकतान्त्रिक समाजवादी पार्टी लोसपा संसदीय दलका नेता अभिराम शर्माका अनुसार बैठकमा पुरानो योजनाको भुक्तानी, सरकारको कामकार बाहीमा मुख्यमन्त्रीको समन्वयको अभाव लगायतका विषयमा समेत छलफल भएको थियो । केही दिनअघि जनमत संसदीय दलका नेता मन्त्री रहेको शिक्षा तथा समाज कल्याण मन्त्रालय सरकारले फोडेर खेलकुद तथा समाज कल्याण मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालय बनाइएको थियो । चार महिनादेखि विना विभागीय मन्त्री रहेकी जसपाकी सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालय र जनमतका नेता महेश प्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी तोकी कार्यविभाजन गरिएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट कार्यविभाजन सहित सरकार पुनर्गठनको पत्र प्रदेश प्रमुख कार्यालयमा पठाएर मुख्यमन्त्री आफ्नो निजी कामले भारत गएका छन् । १९ असोजमा मन्त्रिपरिषद् पुनर्गठन गरेको विज्ञप्ति प्रदेश प्रमुखको कार्यालयले जारी गरेको थियो । त्यसअनुसार साहले सोमबार मन्त्रालय सम्हालेकी छन् । तर आफ्नो मन्त्रालय फुटाइदिएको भन्दै शिक्षा तथा संस्कृति मन्त्रालय सम्हाल्ने पक्षमा जनमतका महेश प्रसाद यादव छैनन् । 'मन्त्रालय विना छलफलमा फोडिएको छ । यसअघि १० वटाभन्दा बढी मन्त्रालय नबढाउने लिखित सहमति गठबन्धनमा भएको थियो। मुख्यमन्त्रीजीसँग यो विषयमा छलफल भएपछि मात्र मन्त्रालय स्वीकार्ने वा नस्वीकार्ने निर्णय लिन्छौं', मन्त्री यादवले भने । सोमबारको बैठकमा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्ण यादव, नेकपा माओवादी केन्द्रका प्रदेश संसदीय दलका उपनेता युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीका प्रदेश संसदीय दलका प्रमुख सचेतक कनिस पटेल, लोसपा प्रदेश संसदीय दलका नेता अभिराम शर्मा र जनमत पार्टी प्रदेशका संसदीय दलका नेता महेश प्रसाद यादव सहभागी थिए । मंगलबार बिहान पनि बसेका बैठकमा भने कांग्रेस संसदीय दलका कृष्ण यादव बाहेकका नेताहरु सहभागी थिए। मन्त्रालय फुटाएर जिम्मेबारी दिएको सुरिता साहले महोत्तरी क्षेत्र नं. २ (ख)बाट स्वतन्त्र जितेकी थिइन् । उनलाई मन्त्रालय दिने भनेर जसपाले पार्टी प्रवेश गराएको थियो । सुरुमा सामाजिक विकास मन्त्रालय दिएको पनि थियो । तर पछि सो मन्त्रालय फुटाएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बनाएपछि उनी जिम्मेबारी विहीन बनेकी थिइन् । त्यसैले उनलाई जिम्मेवारी दिन शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाइएपछि मधेशमा राजनीतिक तरंग सिर्जना भएको छ ।

मनराशिसवा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मनराशिसवा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**करारमा कर्मचारी भर्ना लिने सम्बन्धी सूचना**

प्रकाशन भएको मितिः २०८०/०६/२५ गते

यस मनराशिसवा नगरपालिकाको सेवा करारमा कर्मचारी भर्ना लिने सम्बन्धी मिति २०८०।०४।२६ गतेको प्रथम पटक प्रकाशित सूचना बमोजिम देहायको विज्ञापन र पदमा रितपूर्वक दरखास्त दर्ता गराईएको आवेदकहरुको मनराशिसवा नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ को दफा ४ बमोजिम सुचिकरण भएका आवेदकहरुले देहाय बमोजिमको मिति मा सम्पर्क गर्नु हुन जानकारीको लागि अनुरोध छ।

**तपशिल :-**

| क्र.स. | बिज्ञापन न. | पद | उम्मेदवारको नाम | सम्पर्क मिति | कैफियत |
|---|---|---|---|---|---|
| १) | ०१/ नगर अन्य/०८०/०८१ | सूचना प्रविधि अधिकृत | रबि कृष्ण साह | २०८०/०६/२६ | |
| | | | प्रकाश नायक | | |
| | | | राजिव कुमार सिंह | | |
| २) | ०२/ नगर अन्य/०८०/०८१ | कम्प्युटर अपरेटर | सम्पूर्ण आवेदकहरु | | |
| ३) | ०३/ नगर अन्य/०८०/०८१ | सहायक कम्प्युटर अपरेटर | सम्पूर्ण आवेदकहरु | | |
| ४) | ०४/ नगर अन्य/०८०/०८१ | जे.सि.बी. अपरेटर चालक | धिरेन्द्र राउत | | |

**-प्रमुख प्रशासकीय अधिकृत**









# फतुवा विजयपुरका मेयर यादवलाई ३ वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना



■ टक नेपाल

जनकपुरधाम । भष्ट्राचारमा दोषी ठहर भएका रौतहटको फतुवा विजयपुरका तत्कालीन मेयर गोपाल राय यादवलाई ३ वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना भएको छ । विशेष अदालतले कसूर ठहर्याएपछि बुधबार सजाय सुनाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १८ जना जनप्रतिनिधिसहित २१ जनालाई प्रतिवादी बनाएको भएपनि यादव मात्र दोषी ठहर भएका थिए । उनीहरुविरुद्ध २०७९ सालमा विशेष अदालतमा मुद्दा दायर भएको थियो । यादव गत स्थानीय निर्वाचनमा पनि मेयरमा निर्वाचित भएका थिए। लाल बकैया नदीको उत्खनन सम्बन्धी ठेक्का रद्ध गरेर नगरपालिकालाई हानी नोक्सानी पुर्याएको आरोप यादवविरुद्ध लागेको थियो ।

# नेपालीको उद्धारको पहलका लागि परराष्ट्रमन्त्री साउद इजरायल जाँदै

■ टक नेपाल

काठमाडौँ । परराष्ट्रमन्त्री एनपी साउद नेपाली नागरिक उद्धारका लागि बुधबार राति इजरायल जाने भएका छन् । बुधबार राति जाने जहाजमार्फत परराष्ट्रमन्त्री इजनरायल जान लागेका मन्त्री साउदका प्रमुख स्वकिय सचिव दिपक जोशीले जानकारी दिए। यद्यपी आज राति इजरायल जाने जहाजले नेपाली विद्यार्थीको शव भने नल्याउने भएको छ । हमासको आक्रमणमा परी इजरायलमा ज्यान गुमाएका १० नेपाली विद्यार्थीको शव आज गएको जहाजले नल्याउने परराष्ट्र मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्रालयले बुधबार दिउँसो आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयकी प्रवक्ता एवं सह सचिव सेवा लम्सालले यसको जानकारी दिएकी हुन् । यो सँगै इजरायलमा रहेका नेपाली विद्यार्थीको शव ल्याउन ढिला हुने भएको छ । परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले आज जाने २५० यात्रु क्षमताको जहाजले विद्यार्थीलाई प्राथमिकतामा राखेर नेपालीलाई फिर्ता लिएर आउने जानकारी दिइन्। अहिले इजरायल सरकारले नेपाल सरकारलाई नेपाली विद्यार्थीको शव हस्तान्तरण नगरेको लम्सालले जनाइन् ।



# महेन्द्र राजमार्ग रहेको जग्गा व्यक्तिको नाममा

■ टक नेपाल

रौतहट । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले चासो नदिँदा महेन्द्र राजमार्ग रहेको जग्गा व्यक्तिको नाममा रहेको छ। सडक विभागले व्यक्तिको नाममा रहेको जग्गाको लगत कट्टा गरी राजमार्ग कायम गर्न चासो नदिँदा हाल प्रयोग हुँदै आइरहेको नक्सामा पूर्वपश्चिम राजमार्ग नै छैन।राजमार्गको क्षेत्राधिकारमा पर्ने जग्गाको लगत कट्टा नहुँदा जग्गाधनीहरू मालपोत तिर्न बाध्य छन् । रौतहटको चन्द्रपुर नगरपालिकाको जंगल टोलदेखि चाँदी पुलसम्मको राजमार्ग अहिले पनि व्यक्तिको नाममा छ। त्यस क्षेत्रमा राजमार्गले छोएको जग्गा खरिद गर्नेले पछि किचलो नहोस् भनेर राजमार्ग नै आफ्नो नाममा पास गर्ने गरेका छन् । वर्षौंदेखि यसरी राजमार्ग किनबेच भइरहेको छ । राजमार्ग बनेको वर्षौं भइसक्दा पनि सडकले आफ्नो नाममा राजमार्गको जग्गा ल्याउन पहल नगर्दा स्थानीयले सास्ती खेप्नु परेको छ। आफ्नो जग्गाले राजमार्ग छोए पनि आफ्नो जग्गाका अगाडि व्यक्तिको नामका जग्गाको कित्ता देखिदाकिनबेच, कित्ताकाट तथा बैंकिङ कारोबार गर्न समेत समस्या भोग्नु परेको छ । यस बारेमा गुनासो लिएर सम्बन्धित कार्यालयमा जाँदा सडक, मालपोत र नापी एक अर्कालाई देखाएर पन्छिने गरेको चन्द्रपुर नगर उद्योग वाणिज्य संघका अध्यक्ष उदयनारायण सापकोटाले बताए ।

बाँकी पृष्ठ २ मा

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टुडियो
मेनरोड बर्दिवास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
- २४ सै घण्टा इमरजेन्सी सेवा
- दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाइरेड)
- भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
- ल्याब सेवा
- अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527




"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

| LIVER FUNCTION TEST | WHOLE BODY CHECKUP | CARDIAC PROFILE | DIABETS PACKAGE |
|---|---|---|---|
| - Bilubine Total/Direst<br>- SGOT<br>- SGPT<br>- ALP<br>- Total Protine<br>- Albumine<br>- Globline<br>- AG-Ratio<br>- GGT | -CBC<br>- RBC<br>- LFT/RFT<br>- TSH<br>- URINE R/E<br>- LIPID PROFILE<br>- USG/ECG/X-RAY | - CPK<br>- CK MB<br>- SGOT<br>- TROPONIN<br>- LDH<br>- TOTAL CHOLESTEROL<br>- TRIGCYCERIDE | - URIN R/E<br>- RFT<br>- LIPID PROFILE<br>- CBC<br>- Glucose/F/PP<br>- MICRO AIBUMIN<br>- HBAIC |
| Rs. 2800/- | Rs. 6000/- | Rs. 5000/- | Rs. 4800/- |

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com